जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १०९ २०७९ साल मंसिर ९ गते शुक्रबार (25 Nov. 2022 Friday) मूल्य रु. ५/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : अध्यक्ष नेपाल छैटौं पटक.. ३ पृष्ठमा : निर्वाचन अपडेट : कुन दलका ... ३ पृष्ठमा पोल्याण्डले दोस्रो विश्वयुद्धको.

# सप्तरीमा जनमत, काँग्रेस र जसपालाई एक/एक सीट

# प्रदेश मन्त्री साहको दोश्रो र काँग्रेस केन्द्रिय सदस्य यादवको चौथो प्रयास सफल

**दैनिक समाचारदाता**
**राजविराज, ८ मंसिर ।**

सप्तरीको प्रतिनिधिसभा क्षेत्र नं. १ मा मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साह र क्षेत्र नं. ३ मा नेपाली काँग्रेसका केन्द्रिय सदस्य दिनेशकुमार यादव निर्वाचित भएका छन् ।

मन्त्री साहको दोश्रो प्रयासमा सफलता मिलेको हो । २०७० को संविधानसभामा उनी झिनो मतले पराजित भएका थिए । २०७४ को निर्वाचनमा उनी सप्तरीको निर्वाचन क्षेत्र नं. १ को २ बाट प्रदेशसभा सदस्य पदमा निर्वाचित भएका थिए ।

बिहीबार साँझ घोषित परिणाम अनुसार साहले २३ हजार ५ सय ६४ मत ल्याउँदा उनका निकटत्तम प्रतिद्वन्दी जयकान्त राउतले १९ हजार ९ सय ९२ मत प्राप्त गरे । उनी प्रतिनिधिसभा क्षेत्र नं. २ बाट निर्वाचित डा. सीके राउतका सहोदर दाजु हुन् । तेश्रो स्थानमा रहेका नेपाली काँग्रेसका रामदेव साहले १४ हजार ३ सय १२ मत ल्याए । तेश्रो स्थानमा रहेका साह नेपाली काँग्रेस सप्तरीका सभापति समेत हुन् । उनी नेपाली काँग्रेस सप्तरीको दुई पटक सभापति समेत भइसकेका छन् ।



नवलकिशोर साह, नवनिर्वाचित प्रतिनिधिसभा सदस्य



दिनेशकुमार यादव, नवनिर्वाचित प्रतिनिधिसभा सदस्य

यस्तै बिहीबारै प्रतिनिधिसभा क्षेत्र नं. ३ को पनि अन्तिम परिणाम सार्वजनिक भएको छ। घोषित परिणाम अनुसार नेपाली काँग्रेसका केन्द्रिय सदस्य दिनेशकुमार यादव २६ हजार १ सय ६६ मत ल्याई निर्वाचित भएका छन् । यादव चौथो पटकको प्रयासमा निर्वाचित भएका हुन् । यसअघि २०६४ को पहिलो र २०७० को दोश्रो संविधानसभा तथा २०७४ को संसदीय निर्वाचनमा पराजयको सामना गरेका थिए ।

उनका निकटत्तम प्रतिद्वन्दी एमालेका ताराकान्त चौधरी २२ हजार ३ सय मत पाए । तेश्रो स्थानमा जनमत पार्टीका अनिस अन्सारी रहेका छन् । उनले १५ हजार १ सय १४ मत प्राप्त गरे ।

यता सप्तरी निर्वाचन क्षेत्र नं. ४ मा मतगणना अझै जारि रहेको छ । उक्त क्षेत्रको अन्तिम परिणाम शुक्रबार साँझसम्म मात्र आउने अनुमान गरिएको छ । अहिलेसम्म प्राप्त मतगणना परिणाम अनुसार नेपाली काँग्रेसका तजुलाल चौधरी ७ हजार ७ सय ६१ मत प्राप्त गरि अग्रता लिएका छन् । जसपाका बालकिशोर यादव ५ हजार ९ सय ६९ मत ल्याई उनलाई पच्छ्याइरहेका छन् । तेश्रो स्थानमा रहेका जनमत पार्टीका सुकदेव साह ५ हजार ८ सय ५० मत ल्याई दुबै जनालाई पच्छ्याइरहेका छन् ।

चार प्रतिनिधिसभा क्षेत्र रहेको जिल्लामा प्रतिनिधिसभा क्षेत्र नं. २ को नतिजा यसअघि नै सार्वजनिक भइसकेको छ । उक्त क्षेत्रमा जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले जसपा अध्यक्ष उपेन्द्र यादवलाई १८ हजार ६३ मतले पराजित गरेका छन् ।

# सप्तरीमा चार प्रदेशसभा सदस्यसहित जनमत पहिलो

# काँग्रेस र नेकपा एमालेको एक/एक प्रदेशसभा सदस्य



राजकुमार लेखी (नेकापा एमाले)



मो. सकिल मियाँ (जनमत)



मो. समिम (नेपाली काँग्रेस)

**दैनिक समाचारदाता**
**राजविराज, ८ मंसिर ।**

सप्तरीको क्षेत्र नं १ को १ मा प्रदेशसभा सदस्य पदमा नेकपा (एमाले)का राजकुमार लेखी ५ हजार एक सय ९८ मतले विजयी भएका छन् । उनले १४ हजार दुई सय ९१ मत ल्याए भने उनका निकटतम् प्रतिद्वन्द्वी जनमत पार्टीका शिवनन्दन मेहताले नौ हजार ९३ मत प्राप्त गरे ।

यसैगरि सप्तरी ३ को १ मा नेपाली कांग्रेसका उम्मेदवार मोहम्मद समिम विजयी भएका छन् । उनले १० हजार ६ सय ३० मत ल्याएर निर्वाचित भए । उनका निकटतम प्रतिद्वन्द्वी जनमत पार्टीका उम्मेदवार रामप्रसाद मण्डलले ८ हजार ५ सय ३८ मत प्राप्त गरेका छन् । तेश्रो स्थानमा रहेका एमालेका जोगेन्द्र भगतले ७ हजार ३ सय ४१ मत ल्याए ।

यस्तै सप्तरी क्षेत्र नम्बर १ को २ मा प्रदेशसभा सदस्य पदमा जनमत पार्टीका मोहम्द सकिल मियाँ विजयी भएका छन् । मियाँले १६ हजार एक सय ६० मत ल्याएर विजयी भएका हुन् । उनका निकटतम प्रतिस्पर्धी जनता समाजवादी पार्टी (जसपा) का सुदम्बर यादवले ९ हजार ८ सय ८८ मत प्राप्त गरे भने नेपाली कांग्रेसका उम्मेदवार बद्रीनारायण महत्मान यादवले ६ हजार ६ सय १० मत प्राप्त गरे ।

सप्तरीमा रहेको आठ प्रदेशसभा सदस्यका लागि भएको निर्वाचनमा हालसम्म ६ प्रदेशसभा सदस्यको नतिजा आइसकेको छ ।

मतपरिणाम अनुसार जिल्लामा जनमतले सर्वाधिक ४ प्रदेशसभा सदस्य पदमा जित हासिल गरेको छ भने काँग्रेस र नेकपा एमाले एक/एक प्रदेशसभा सदस्यमा जित हात पारेका छन् । मतगणना जारि रहेको प्रदेशसभा ४ को १ मा एकीकृत समाजवादीका गोबिन्द न्यौपाने ८ हजार ४ सय २३ मतका साथ अग्रस्थानमा रहेका छन् । उनलाई एमालेका बालकिशोर चौधरीले ४ हजार १९ मतका साथ पच्छ्याइरहेका छन ।

यस्तै ४ को २ मा स्वतन्त्र उम्मेदवार अनिरुद्ध प्रसाद सिंहले ६ हजार ५ सय ५६ मत ल्याई अग्रता लिएका छन् । उनलाई जसपाका अभिषेक यादवले ५ हजार १ सय ७ मतका साथ पच्छ्याइरहेका छन् । त्यसैगरि जनमतका केशरराज गुप्ता ४ हजार ४ सय ३७ मतका साथ तेश्रो स्थानमा छन् ।

# मिलीजुली सरकार : ओली

सुरुङ्गा (झापा), ८ मङ्सिर (रासस) ।

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले अब मुलुकमा मिलीजुली सरकार निर्माण गर्नुपर्ने अवस्था आएको बताउनुभएको छ ।

झापा क्षेत्र नं ५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित ओलीले झापाको दमकस्थित निर्वाचन आयोगमा प्रमाणपत्र ग्रहण गर्दै सो धारणा राख्नुभएको हो ।

पूर्वप्रधानमन्त्री ओलीले नेकपा (एमाले)ले मुलुकमा स्थिरता, स्थायित्व कायम गर्न खोजेको तर त्यसअनुसार निर्वाचनको परिणाम भने नआएकाले मिलीजुली सरकार बनाउनेतर्फ राजनीतिक पार्टी लाग्नुपर्ने अवस्था सिर्जना भएको बताउनुभयो ।

उहाँले अबको एक-दुई वर्ष बहुमतको सरकार बनाउन गाह्रो हुने र बहुमतको सरकार बनिहाले पनि टिकाउन गाह्रो हुने उहाँले बताउनुभयो । यो निर्वाचन परिणामले मुलुक अस्थिरतातर्फ जाने खतरा बढेको तर्क गर्नुभयो ।

# रेखा शर्माको तेस्रोपटक सदन प्रवेश

काठमाडौँ, ८ मङ्सिर (रासस)।

मुलुकको राजनीतिमा परिपक्व र सशक्त भूमिका खेल्दै आउनुभएकी रेखा शर्मा तेस्रोपटक सङ्घीय संसद्मा प्रवेश गर्नुभएको छ। नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेललाई प्रतिनिधिसभा सदस्य निर्वाचनमा पराजित गरी उहाँ सदन प्रवेश गर्नुभएको हो।

दाङ क्षेत्र नं २ को प्रतिनिधिसभा सदस्यमा गठबन्धनका तर्फबाट नेकपा (माओवादी केन्द्र)का उम्मेदवार शर्मा २६ हजार आठ सय ७७ मत प्राप्त गरी विजयी हुनुभएको हो। उहाँका निकटतम् प्रतिद्वन्द्वी नेकपा (एमाले)का महासचिव पोखरेलले २६ हजार छ सय ८१ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत कृपासुर कार्कीले जानकारी दिनुभयो। उहाँहरूबीचको मतान्तर एक सय ९६ रहेको छ। उक्त क्षेत्रमा एक लाख ३३ हजार सात सय ४८ मतदातामध्ये ७९ हजार चार सय ४६ मत खसेको थियो।

अनेरास्ववियुको विद्यालय एकाइ कमिटीबाट विसं २०४२ बाट राजनीतिक यात्रा सुरु गर्नुभएकी शर्मा विसं २०५१ मा योङ्ग कम्युनिष्ट लिगको केन्द्रीय सदस्य हुँदै २०५७ मा नेकपा (माओवादी केन्द्र)को केन्द्रीय सदस्य हुनुभयो। उहाँसँग अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीको अध्यक्ष (२०५३-२०५८), समानुपातिक निर्वाचन प्रणालीबाट विसं २०७० मा संविधानसभा सदस्य तथा २०७४ मा प्रतिनिसभा सदस्य रही जिम्मेवारी सम्हालेको अनुभव छ।

पिता गिरीराज शर्मा र माता पार्वती शर्मा पौडचालको कोखबाट उहाँको जन्म विसं २०२६ असोज ९ गते भएको थियो। समाजशास्त्र विषयमा स्नातकोत्तर रहनुभएकी शर्माका पति कृष्णध्वज खड्का पनि राजनीतिक क्षेत्रमै सक्रिय हुनुहुन्छ। दाङको घोराही उपमहानगरपालिका- १८ स्थायी घर भएकी शर्मा २०७२ कात्तिकदेखि २०७३ कात्तिकसम्म समान्य प्रशासनमन्त्री हुनुभयो।

नेकपा (एमाले) र माओवादी केन्द्रबीच एकीकरण भएपछि उहाँ नेकपाको केन्द्रीय सदस्य हुनुहुन्थ्यो। उहाँ विसं २०७० मा नेकपा माओवादी संसदीय दलको सचेतक तथा रुपान्तरित व्यवस्थापिकामा माओवादी केन्द्रको प्रमुख सचेतकको जिम्मेवारीमा हुनुहुन्थ्यो।

यसअघिको राज्यव्यवस्था तथा सुशासन समितिको सदस्य शर्मा सामाजिक न्याय र समानताको क्षेत्रमा विशेष रुचि राख्नुहुन्छ। सशस्त्र द्वन्द्वका समय विसं २०५८ देखि २०५९ चैतसम्म एक वर्ष सैनिक हिरासतमा बिताउनुभएकी शर्मा संविधानसभा पदकबाट विभूषित हुनुहुन्छ।

करिब १० वर्ष भूमिगत जीवन बिताउनुभएकी शर्माका राजनीतिकलगायतका विषयमा फुटकर लेख, रचना प्रकाशित हुँदै आएका छन्।

# अध्यक्ष नेपाल छैटौं पटक संसद्मा

काठमाडौँ, ८ मङ्सिर (रासस)।

संसद्कै ठूलो कम्युनिष्ट पार्टी नेकपा(एमाले)बाट विद्रोह गरी गठन भएको नेकपा(एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधवकुमार नेपाल छैटौं पटक सङ्घीय संसद्मा प्रवेश गर्नुभएको छ।

उहाँ रौतहट क्षेत्र नं १ बाट ३३ हजार पाँच सय २२ मत ल्याई निकटतम प्रतिद्वन्द्वी एमालेके अजयकुमार गुप्तालाई फराकिलो मतले पराजित गर्दै विजयी हुनुभएको हो।

नेपाली कांग्रेसले नेतृत्व गरेको वर्तमान लोकतान्त्रिक वाम गठबन्धनबाट सरकारको एक घटक एकीकृत समाजवादीका नेता नेपाल सोही गठबन्धनका सहयोगमा प्रतिनिधिसभामा पुग्न सफल हुनुभएको छ।

यसअघि विसं २०४८ देखि २०५६ सम्म राष्ट्रियसभा सदस्य तथा प्रमुख विपक्षी दलका नेता रहनुभएका नेपाल विसं २०५६, २०६५, २०७० र २०७४ मा पनि प्रतिनिधिसभा सदस्य हुनुहुन्थ्यो। उहाँले विसं २०५० सालदेखि २०६५ वैशाखसम्म नेकपा (एमाले) महासचिवको जिम्मेवारी सम्हाल्नुभएको थियो।

विसं २०६६ जेठदेखि २०६७ माघसम्म प्रधानमन्त्री हुनुभएका अध्यक्ष नेपाल त्यसअघि एमालेका अध्यक्ष मनमोहन अधिकारीका नेतृत्वमा रहेको मन्त्रिमण्डलमा विसं २०५१ मङ्सिरदेखि २०५२ भदौसम्म परराष्ट्र र रक्षामन्त्रालयको कार्यभारसहित उपप्रधानमन्त्री हुनुहुन्थ्यो।

विसं २०२२ देखि वामपन्थी विद्यार्थी सङ्गठनबाट राजनीतिमा संलग्न हुनुभएका उहाँ विसं २०२६ मा नेकपा(पुष्पलाल समूह)मा आवद्ध हुनुभयो।

उहाँसँग नेकपा सचिवालय सदस्य एवं विदेश विभाग प्रमुखको जिम्मेवारी सम्हालेको अनुभव पनि छ। 'नेपाल अधिराज्यको संविधान २०४७' संविधान सुझाव आयोगका सदस्य तथा संविधानसभा, संवैधानिक समितिका सभापति भएर उहाँले काम गर्नुभयो।

पिता मङ्गलकुमार र माता दुर्गादेवी उपाध्यायका कोखबाट विसं २००९ फागुन २३ गते रौतहटमा जन्म भई राजनीतिक आन्दोलनका क्रममा १६ वर्ष भूमिगत तथा पटक-पटक गरी दुई वर्ष ६ महिना बन्दी जीवन बिताउनुभएका नेता नेपाल शाही शासनकालमा घरमै नजरबन्द हुनुभएको थियो।

निष्ठावान् राजनीतिज्ञका रूपमा आफूलाई परिचित गराउन चाहने अध्यक्ष नेपालले मुलुकको शान्तिप्रक्रियामा ठूलो भूमिका खेल्नुभएको छ। उहाँको 'जनताको बहुदलीय जनवाद' र 'जनता जाग्दैछन्', शीर्षक कृति प्रकाशन हुनाका साथै उहाँसँग सम्बन्धित 'संसद्मा माधव नेपाल', 'प्रधानमन्त्री माधव नेपाल'का मन्तव्यलगायत कृति पनि सार्वजनिक भएका छन्।

# पौडेलको छैटौं पटक संसद् यात्रा

दमौली, ८ मङ्सिर (रासस)।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल तनहुँ-१ बाट प्रतिनिधिसभा सदस्यमा फराकिलो मतान्तरले विजयी भएर छैटौं पटक संसद्मा प्रवेश गर्नुहुने भएको छ।

वरिष्ठ नेता पौडेलले यसअघि विसं २०४८ मा साविकको तनहुँ-१ र त्यसपछि तनहुँ-२ बाट विसं २०५१, २०५६, २०६४ र २०७० बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो।

वरिष्ठ नेता पौडेल २०७४ को निर्वाचनमा तत्कालिन वामगठबन्धनका कृष्णकुमार श्रेष्ठसँग छ हजारभन्दा बढी मतान्तरले पराजित हुनुभएको थियो। प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७९ अन्तर्गत तनहुँ-१ बाट निर्वाचित भएर पौडेलले छैटौं पटक संसद्को यात्रा तय गर्नुभएको हो। यसका लागि पौडेलले नेकपा (एमाले)का एकबहादुर रानालाई पाँच हजार तीन सय ७५ मतान्तरले पराजित गर्नुभयो।

कुल ६६ हजार एक सय ५८ मत खसेकामा खसेको कुल मतमध्ये चार हजार मत बदर भएको छ। पौडेलले २५ हजार तीन सय १८ मत प्राप्त गर्नुभएको सहायक निर्वाचन अधिकृत मीनबहादुर कुँवरले जानकारी दिनुभयो। प्रतिस्पर्धी रानाले १९ हजार नौ सय ४३ मत प्राप्त गर्नुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका विकास सिग्देलले छ हजार आठ सय ७८, स्वतन्त्र उम्मेदवार गोविन्दराज जोशीले छ हजार आठ सय ७८, राप्रपाका विनोद घर्तीले दुई हजार चार सय ८३ मत प्राप्त गर्नुभएको छ।

जिल्लाको अधुरा रहेका विकास योजनालाई निरन्तरता दिन उम्मेदवार बनेको बताउँदै आउनुभएका पौडेलले कार्यकारी पदमा रहेर काम गर्ने इच्छा रहेको बताउनुभएको छ। देशमा सुशासन र विकासका लागि कार्यकारी पदमा बस्ने चाहना भएको बताउँदै पौडेललाई तनहुँबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि उक्त बाटो खुलेको नेपाली कांग्रेस तनहुँका सचिव लक्ष्मीभक्त खनालले बताउनुभयो।

विसं २००१ को असोजमा तनहुँको रिस्ती गाविसस्थित बाहुनपोखरामा जन्मिनुभएका पौडेल १६ वर्षको उमेरदेखि नै राजनीतिमा लाग्नुभएको थियो। नेपाली कांग्रेसद्वारा सञ्चालित २०१८ को सशस्त्र क्रान्तिमा पौडेलले सहभागिता जनाउनुभएको थियो। पौडेल २०२३ सालमा सरस्वती क्याम्पसका विद्यार्थी युनियन सभापति निर्वाचित हुनुभएको थियो। २०२७ सालमा नेपाल विद्यार्थी सङ्घको स्थापनामा पौडेल पनि सहभागी हुनुभएको थियो।

पौडेल २०४८ सालमा तनहुँ-१ बाट पहिलो पटक प्रतिनिधिसभामा निर्वाचित हुनुभएको थियो। उहाँ यसबीचमा उपप्रधान तथा गृह, स्थानीय विकास, कृषि, सञ्चारमन्त्री भइसक्नुभएको छ।

उहाँले सभामुखको जिम्मेवारी पनि निभाउनुभएको छ। माओवादी शान्ति प्रक्रियामा आएपछि पौडेल शान्ति सचिवालयको संयोजक पनि हुनुहुन्थ्यो। पौडेलले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर गर्नुभएको छ।

जिल्लाका दुई प्रतिनिधिसभा र चार प्रदेशसभा सदस्यमध्ये नेपाली कांग्रेसले दुवै प्रतिनिधिसभामा विजय हासिल गरेको छ। यस्तै नेपाली कांग्रेसले दुई प्रदेशसभा, नेकपा (एमाले) र नेकपा (माओवादी) केन्द्रले एक/एक प्रदेशसभामा विजयी हासिल गरेका छन्।

नेपाली कांग्रेसले तनहुँको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ र २ मा विजयी भएको छ। साथै, निर्वाचन क्षेत्र नं १ प्रदेशसभा १ नेपाली काङ्ग्रेसका अशोककुमार श्रेष्ठ विजयी हुनुभएको छ। श्रेष्ठले १५ हजार तीन सय ६७ मत प्राप्त गर्नुभएको छ भने प्रतिस्पर्धी नेकपा (एमाले) का रामबहादुर गुरुङले ११ हजार एक सय ५५ मत प्राप्त गर्नुभएको छ। साथै, सोही क्षेत्रको प्रदेशसभा २ मा नेकपा (माओवादी केन्द्र)का हरिबहादुर चुमान विजयी हुनुभएको छ। चुमानले १३ हजार दुई सय ७१ मत प्राप्त गर्नुभएको छ। प्रतिस्पर्धी नेकपा (एमाले) का पूर्णबहादुर गुरुङले दश हजार पाँच सय तीन मत प्राप्त गर्नुभएको छ।

निर्वाचन क्षेत्र नं २ को प्रदेशसभा १ मा नेकपा (एमाले) का श्यामराजा महत निर्वाचित हुनुभएको छ। महतले १५ हजार छ सय ६५ मत प्राप्त गर्नुभएको छ भने प्रतिस्पर्धी वाम लोकतान्त्रिक गठबन्धनबाट नेकपा (माओवादी) का राजेन्द्रकेशरी न्यौपानेले १३ हजार आठ सय ९९ प्राप्त गर्नुभयो। साथै, सोही क्षेत्रको प्रदेशसभा २ मा नेपाली काङ्ग्रेसका जीतप्रकाश आले विजयी हुनुभएको छ। आलेले १३ हजार आठ सय ६० मत प्राप्त गर्नुभएको छ। प्रतिस्पर्धी नेकपा (एमाले) का केदार सिग्देलले १३ हजार दुई सय २० मत प्राप्त गर्नुभयो।

तनहुँ क्षेत्र नम्बर २ को प्रतिनिधिसभा सदस्यमा नेपाली काङ्ग्रेसका शङ्कर भण्डारी विजयी हुनुभएको छ। भण्डारीले ३० हजार छ सय चार मत प्राप्त गर्नुभएको छ। प्रतिस्पर्धी नेकपा (एमाले) का किरण गुरुङले २५ हजार एक सय ३० मत प्राप्त गर्नुभयो।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७८७१९८७

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# निर्वाचन अपडेट : कुन दलका कति ?

काठमाडौं, ८ मङ्सिर (रासस)। आइतबार सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतगणना जारी छ। निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभातर्फ बिहीबार दिउँसोसम्म प्रत्यक्षतर्फको एक सय ६५ निर्वाचन क्षेत्रमध्ये सार्वजनिक भएका स्थानमा नेपाली कांग्रेसले अग्रता कायमै राखेको छ।

आयोगको पछिल्लो तथ्याङ्कअनुसार नेपाली कांग्रेस ३० स्थानमा विजयी भएको छ। मुस्ताङबाट योगेश गौचन थकालीको विजयसँगै खाता खोलेको कांग्रेसले हालसम्म ३० स्थानमा विजय हासिल गरेको हो।

कांग्रेसका विजयी उम्मेदवारमा प्रधानमन्त्री तथा कांग्रेसका सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा विजयी हुनुभएको छ।

त्यस्तै, नेताहरु प्रकाशमान सिंह, डा शशाङ्क कोइराला, दीलेन्द्रप्रसाद बडू, रमेश लेखक, वीरबहादुर बलायर, प्रदीप पौडेल, सन्तोष चालिसे, राजन केसी, उदयशम्शेर जबरा, दुर्लभ थापा क्षेत्री, ई मोहन आचार्य, रामहरि खतिवडा, अजयकुमार चौरसिया पनि विजयी हुनुभएको छ।

विजयी अन्य उम्मेदवारमा रमेश रिजाल, श्यामकुमार घिमिरे, टेकबहादुर गुरुङ, किशोरसिंह राठोर, दिक्पालकुमार शाही, हृदयराम थानी, पुष्पबहादुर शाह, नारायणप्रसाद साउद, शङ्कर भण्डारी, राजेन्द्र बजगाईं, देवप्रसाद तिमिल्सिना र खमबहादुर गर्बुजा हुनुहुन्छ।

यसैगरी नेकपा (एमाले) १७ स्थानमा विजयी भएको छ। एमालेका विजयी उम्मेदवारहरुमा अध्यक्ष केपी शर्मा ओली, पृथ्वीसुब्बा गुरुङ, योगेशकुमार भट्टराई, गोकर्णराज विष्ट, कृष्णगोपाल श्रेष्ठ, टोपबहादुर रायमाझी, राजेन्द्रकुमार राई, लालप्रसाद (एलपी) साँवा लिम्बू, देवराज घिमिरे, अम्बरबहादुर रायामाझी, मानवीर राई, राजकुमार गुप्ता, महेशकुमार बर्तौला, प्रेमबहादुर महर्जन, विद्या भट्टराई, पदम गिरी र वासुदेव घिमिरे विजयी हुनुभएको छ।

नेकपा (माओवादी केन्द्र) नौ स्थानमा विजयी भएको छ। माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेताहरु वर्षमान पुन, शक्तिबहादुर बस्नेत, देवेन्द्र पौडेल, राजकुमार राई, लेखनाथ दाहाल, रेखा शर्मा, पूर्णबहादुर विश्वकर्मा र माधव सापकोटा विजयी हुनुभएको छ।

यस्तै, नेकपा (एकीकृत समाजवादी) छ स्थानमा विजयी भएको छ। समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, कृष्णकुमार श्रेष्ठ, प्रकाश ज्वाला, शेरबहादुर कुँवर, प्रेमबहादुर आले र भानुभक्त जोशी विजयी हुनुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी ५ स्थानमा विजयी भएको छ। पार्टी अध्यक्ष रवि लामिछानेका साथै सोविता गौतम, शिशिर खनाल, गणेश पराजुली र विराजभक्त श्रेष्ठ विजयी हुनुभएको छ।

त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) तीन स्थानमा जित हासिल गरेको छ। राप्रपाका धवलशम्शेर राणा, दीपकबहादुर सिंह र ज्ञानबहादुर शाही विजयी हुनुभएको हो।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट सर्वेन्द्रनाथ शुक्ला र रामप्रकाश चौधरी विजयी हुनुभएको छ भने जनता समाजवादी पार्टी (जसपा) प्रदीप यादव विजयी हुनुभएको छ।

जनमत पार्टीका चन्द्रकान्त राउत, स्वतन्त्रतर्फ लालवीर चौधरी र नागरिक उन्मुक्तिपार्टीबाट गङ्गाराम चौधरी निर्वाचित हुनुभएको आयोगले जनाएको छ।


तिरहुत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मधेश प्रदेश, नेपाल

प.स. (Letter No) २०७९।०८०
चलानी नं. (Ref No.) : 269

Website:www.tirahutmun.gov.np
Email : info@tirahutmun.gov.np
Contact No : 9852860107

**उपभोक्ता समिति गठन गर्ने सम्बन्धी सूचना !**

(प्रकाशित मिति : २०७९/०८/०८ गते)

यस तिरहुत गाउँपालिकाको आ.व. २०७९/०८० को गाउँ सभाबाट स्वीकृत तपशिलका पालिका स्तरिय योजनाहरु उपभोक्ता समिति मार्फत कार्य संचालन गर्नुपर्ने भएकोले देहायको मिति, समय र स्थानमा आमभेलाबाट उपभोक्ता समिति र अनुगमन समिती गठन गरिने भएकोले सम्बन्धीत सरोकारवालाहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल :

| सि.नं. | योजना/कार्यक्रमको नाम | कार्यान्वयन स्थान | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने | | |
|---|---|---|---|---|---|---|
| | | | | मिति | समय | स्थान |
| १. | तिरहुत गाउँपालिका भरी आवश्यकता बमोजिम कृषि उत्पादन बनाउन र सिंचाईको लागी बिजुली पोल, तार, ट्रान्सफरमर र जडान गर्ने कार्य | | ५000000।00 | २०७९।०८।१५ | बिहान ९ बजे | गा.पा भवनको प्रांगनमा |
| २. | तिरहुत गा.पा., बडा नं. ४ र ५ मा आवश्यकता बमोजीम स्यालो ट्युवेल तथा २ एच. पी. मोटर खरिद तथा जडान गर्ने कार्य | | २५00000।00 | २०७९।०८।१५ | दिउँसो १२ बजे | गा.पा भवनको प्रांगनमा |
| ३. | त्रिकौलमा मुल सडक देखि भिलानन्द बडबडियाको घर सम्म आर सी सी ढलान तथा नाला निर्माण गर्ने कार्य | तिरहुत १ | १000000।00 | २०७९।०८।१५ | दिउँसो ३ बजे | भिलानन्द बडबडियाको घर नजिक |
| ४. | धनपुरी धनेश्वर सदाको टोलमा दिनाभद्रि मन्दिर निर्माण गर्ने कार्य | तिरहुत १ | ५00000।00 | २०७९।०८।१६ | बिहान ९ बजे | दिनाभद्रि मन्दिर प्रांगनमा |
| ५. | धनपुरीमा नथुनी दास बाबाको घर नजिक हनुमान बाबाको मन्दिर निर्माण | तिरहुत १ | ५00000।00 | २०७९।०८।१६ | दिउँसो १२ बजे | हनुमान बाबाको मन्दिरको प्रांगनको |
| ६. | धनपुरीमा मूल सडक देखि पूर्व तर्फजाने बाटो दिगम्वर खंगको घर सम्म माटो ग्राईभेल गर्ने कार्य | तिरहुत १ | ५00000।00 | २०७९।०८।१६ | दिउँसो ३ बजे | दिगम्बर खंगको घर नजिक |
| ७. | धनपुरीमा विश्वनाथ खेरवारको पसल देखि योगेन्द्र लगरवारको घर सम्म माटो ग्राइभेग गर्ने कार्य | तिरहुत १ | ५00000।00 | २०७९।०८।१७ | बिहान ९ बजे | योगेन्द्र लगरवारको घर नजिक |
| ८. | धनपुरीमा पंडित हरेराम मण्डलको घर नजिक बंजरगवली मन्दिरको निर्माण गर्ने कार्य | तिरहुत १ | १000000।00 | २०७९।०८।१७ | दिउँसो १२ बजे | बंजरगबली मन्दिरको प्रागंनमा |
| ९. | मयनाकडेरीमा पोखरी डिलमा रहेको माँ भगवती, मन्दिर महादेव मन्दिर, बाबा डिहवार मन्दिर को पर्खाल सहित माँ भगवती मन्दिरको पङ्गनमा फ्लोरिंग गर्ने कार्य, चारै तिर बरण्डा र पोखरीका घाट निमार्ण गर्ने कार्य | तिरहुत २ | १५00000।00 | २०७९।०८।१७ | दिउँसो ३ बजे | बाबा डिहवार मन्दिर |
| १०. | मयनाकडेरीमा शंकर मिश्र घर देखि शाखा रोड दुर्गा नन्द मिश्रको घर सम्म माटो, ग्राइभेल तथा आर.सि.सि. ढलान गर्ने कार्य | तिरहुत २ | १000000।00 | २०७९।०८।१८ | बिहान ९ बजे | शंकर मिश्रको घर नजिक |
| ११. | मयनाकडेरीमा धिरेन्द्र झाको घर देखि भुवन झाको घर सम्म माटो ग्राइभेल गर्ने कार्य | तिरहुत २ | ५00000।00 | २०७९।०८।१८ | दिउँसो १२ बजे | धिरेन्द्र झाको घर नजिक |

2079/08/08

विजय कुमार मण्डल
प्रमुख प्रशासकीय अधिकृत


# विश्व समाचार

## पोल्याण्डले दोस्रो विश्वयुद्धको क्षतिपूर्ति माग्दै इयुलाई कूटनीतिक नोट पठायो

वार्सा, ८ मङ्सिर (रासस-सिन्ह्वा)। पोल्याण्डले जर्मनी विरुद्धको युद्धको क्षतिपूर्तिको दाबी गर्दै युरोपेली सङ्घ (ईयु)का सबै देश, उत्तर एट्लान्टिक सन्धि सङ्गठन (नेटो) र काउन्सिल अफ युरोपलाई कूटनीतिक नोट पठाएको छ।

पोल्याण्डका उपविदेशमन्त्रीले दिएको जानकारीअनुसार सेप्टेम्बर १ मा पोल्याण्ड सरकारले दोस्रो विश्वयुद्धमा पोल्याण्डले भोगेको भौतिक क्षतिको विस्तृत विवरण प्रस्तुत गरेको थियो। यसले जर्मनीसँग १.३ ट्रिलियन युरोको आर्थिक क्षतिपूर्ति मागिरहेको छ।

पोल्याण्डको विदेश मन्त्रालयले जर्मनीलाई युद्धको क्षतिको क्षतिपूर्तिको लागि अनुरोध गर्दै कूटनीतिक नोट पठाएको हो। यद्यपि जर्मनीले पोल्याण्डलाई क्षतिपूर्तिको मुद्दाका विषयमा भने कुनै प्रतिक्रिया दिएको छैन।

प्रतिवेदन तयार गर्ने जिम्मा लिएको टोलीको नेतृत्व गरेका पोल्याण्डका उपविदेशमन्त्री अर्काडियस मुलार्कजिकले पोल्याण्ड प्रेस एजेन्सी (पीएपी)लाई कूटनीतिक नोट कूटनीतिज्ञ, राजनीतिज्ञ, मानवअधिकारसँग सङ्लग्न र अन्तरराष्ट्रिय वकिललाई जानकारी गराउन पठाइएको बताए। उनले भने, युरोपेली र अन्तरराष्ट्रिय कानूनको शासन, मानवअधिकारसँग सरोकार राख्छ।

मुलार्कजिकले प्रतिवेदन कागजातले जर्मनीले युद्धको परिणाम स्वरूप पोल्याण्डले भोगेको नोक्सानलाई व्यवस्थित नगरेको देखाएको छ। यसले लुटेका कलाकृति एवम् बैंक सम्पत्ति फिर्ता गरेको देखिँदैन। पोलिश नागरिकलाई जर्मनीको आक्रामकताको परिणाम स्वरूप उनीहरूले भोगेको क्षतिको लागि क्षतिपूर्ति दिएको थियो।

बर्लिनले पोल्याण्डसँगको आफ्नो खाता नमिलेको र वार्साले पठाएको कूटनीतिक नोटको जवाफ पनि नदिएको भन्दै पोल्याण्डले यस विषयमा अन्तरराष्ट्रियस्तरमा छलफल शुरु गर्न चाहेको छ।

## कोरियामा एकै दिन कोभिडका ५९ हजार सङ्क्रमित

सोल, ८ मङ्सिर (रासस/सिन्ह्वा)। दक्षिण कोरियामा एकै दिनमा कोभिडका ५९ हजार जनाभन्दा पनि बढी सङ्क्रमित भेटिएका बताइएको छ। प्राप्त समाचारअनुसार यहाँ गएको २४ घन्टा यतामात्र कोभिडका ५९ हजार ८९ जना कोभिड सङ्क्रमित भेटिएका हुन्।

यो समेत गरी यहाँ कोभिडका दुई करोड ६७ लाखभन्दा बढी सङ्क्रमित पाइएका यहाँका स्वास्थ्य मन्त्रालयका अधिकारीले जानकारी दिएका छन्।

ती अधिकारीका अनुसार यहाँ अघिल्लो दिनको तुलनामा भने सङ्क्रमित कम भएका हुन्। अघिल्लो दिन अर्थात् मङ्गलबार यहाँ ७० हजार तीन सयभन्दा बढी सङ्क्रमित पाइएको थियो।

अधिकारीले यहाँ अघिल्लो हप्ताको तुलनामा भने यस हप्ता सङ्क्रमित झन् बढेको बताएका छन्। अघिल्लो हप्ता दिनमा बढीमा ५५ हजार जना सङ्क्रमित देखिएकामा यस हप्ता बढेका बताएका हुन्।

यहाँ यस हप्ता कोभिडबाट ५९ जनाको ज्यान गएको अधिकारीले जनाएका छन्। यो समेतगरी यहाँ कोभिडबाट ज्यान जाने नागरिकको सङ्ख्या ३० हजार दुई सय २३ जना पुगेको छ।

## जर्मनीले मालीबाट आफ्ना शान्ति सैनिक फिर्ता गर्ने

संयुक्त राष्ट्रसङ्घ, ८ मङ्सिर (रासस/सिन्ह्वा)। जर्मनीले मालीबाट आफ्ना शान्ति सैनिकहरु फिर्ता गर्ने भएको छ। आगामी सन् २०२४ को मे महिनादेखि आफ्ना सेना फिर्ता गर्ने भएको जानकारी गराएको हो।

संयुक्त राष्ट्रसङ्घीय प्रवक्ताले बुधबार सो कुराको जानकारी गराउनुभएको हो। उहाँले जर्मनीले आफ्ना सेना फिर्ता गर्न लागेकामा धन्यवाद पनि दिनुभएको छ।

संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसका उपप्रवक्ता फराह हकले बुधबार जर्मन सरकारले यसअघि मालीमा जारी रहेको संयुक्त राष्ट्रसङ्घीय मिसनमा जर्मन सरकारले शान्ति सैनिक सहयोग गरेकोमा पनि धन्यवाद दिनुभएको छ।

मालीबाट विभिन्न देशले आफ्ना सैनिक फिर्ता गर्ने घोषणा गरिरहेका छन्। जर्मन यसरी आफ्ना सेना फिर्ता गर्ने पछिल्लो देश बनेको पनि उपप्रवक्ता हकले जानकारी दिनुभएको छ।

मालीमा जारी आन्तरिक युद्धका कारण यहाँका नागरिकको सुरक्षार्थ संयुक्त राष्ट्रसङ्घीय मिसन, मिनुस्मा जारी रहेको छ। यस मिसनमा विश्वमा विभिन्न देशले आफ्ना सेना सहयोग गरेका थिए।

# ३४ हजार एक सय ६२ मतान्तरले रवि लामिछानेको जित

चितवन, ८ मङ्सिर (रासस) ।

चितवन क्षेत्र नं २ मा भारी मतका साथ राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने निर्वाचित हुनुभएको छ । लामिछानेले ३४ हजार एक सय ६२ मतान्तरले निर्वाचित हुनुभएको निर्वाचन आयोगले जनाएको छ । तर औपचारिक घोषणा भने हुन बाँकी छ ।

उहाँले ४९ हजार दुई सय ६१ मत प्राप्त गर्नुभएको छ भने उहाँका निकटतम प्रतिस्पर्धी लोकतान्त्रिक वाम गठबन्धनका तर्फबाट उमेश श्रेष्ठले १५ हजार ९९ मत प्राप्त गर्नुभएको छ । सोही क्षेत्रमा नेकपा (एमाले)का कृष्णभक्त पोखरेलले १४ हजार छ सय ४९ मत प्राप्त गर्नुभएको थियो ।

यस क्षेत्रमा ६७.३ प्रतिशत अर्थात् ८४ हजार तीन सय १५ मत खसेको थियो । लामिछानेलाई निकटतम् प्रतिस्पर्धी प्रधानमन्त्री कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले बधाई दिनुभएको छ । सो क्रममा लामिछानेले छलफल गरी आफू अघि बढ्ने बताउनुभयो ।

# प्रतिनिधिसभामा कुन दलको कति मत ?

काठमाडौं, ८ मङ्सिर (रासस) ।

आइतबार सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतगणना जारी छ । पछिल्लो मत परिणामअनुसार प्रतिनिधिसभाको समानुपातिकतर्फ नेकपा (एमाले) अग्रस्थानमा छ । निर्वाचन आयोगको बिहीबार दिउँसोसम्मको मतपरिणाम विवरणानुसार एमालेले पाँच लाख ५५ हजार आठ सय ३२ मत प्राप्त गरेको छ ।

दोस्रो स्थानमा रहेको नेपाली कांग्रेसले पाँच लाख २९ हजार नौ मत प्राप्त गरेको छ । तेस्रो स्थानमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीको समानुपातिकतर्फको मत सङ्ख्या दुई लाख ८६ हजार दुई सय १६ रहेको छ ।

यस्तै नेकपा (माओवादी केन्द्र)को दुई लाख ५७ हजार ४९, राष्ट्रिय प्रजातन्त्र पार्टीको एक लाख ५४ हजार दुई सय ३१, जनता समाजवादी पार्टी नेपालको ६६ हजार छ सय ८८, नेपाल मजदुर किसान पार्टीको ५१ हजार दुई सय ३६, जनमत पार्टीको ४५ हजार छ सय ४१, नागरिक उन्मुक्ति पार्टीको ३८ हजार सात सय २४, नेकपा ( एकीकृत समाजवादी)को ३६ हजार चार सय सात, लोकतान्त्रिक समाजवादी नेपालको ३१ हजार आठ सय ८६, हाम्रो नेपाली पार्टीको २१ हजार सात सय ३० मत रहेको निर्वाचन आयोगले जनाएको छ ।

# भन्सार छलेका सामानहरु बरामद

**दैनिक समाचारदाता**
**राजविराज, ८ मंसिर ।**

भारतबाट नेपालतर्फ भन्सार छलेर ल्याउँदै गरेका विभिन्न सामानहरु सप्तरी प्रहरीले बरामद गरेको छ ।

प्रहरीले जिल्लाको बलान बिहुल गाउँपालिका २ बाट ६ थान एलसीडि, सानो सादा मोबाईल ८ थान, सुतीको साडी २० थान, डोरी ८ किलो र खेलौनाहरु गरी एकसठ्ठी हजार मुल्य बराबरको सामानहरु बरामद गरेको हो ।

बरामद गरिएका सामानहरु प्रहरीले राजबिराज भंसार कार्यालय तिलाठी पठाएको जनाएको छ ।

# महोत्तरीको ३ (१) र (२) मा लोसपाका उम्मेदवार निर्वाचित

जलेश्वर, ८ मङ्सिर (रासस) ।

महोत्तरी जिल्लाको प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर ३ को (१) र (२) मा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका उम्मेदवार विजयी भएका छन् ।

मुख्य निर्वाचन अधिकृत हेमबहादुर सेनका अनुसार बिहीबार बिहान आएको मतगणनाको अन्तिम परिणामअनुसार ३(१) मा लोसपाका नेता अभिराम शर्मा विजयी हुनुभएको छ भने ३(२) मा लोसपाकै नेत्री रानीकुमार तिवारी विजयी हुनुभएको छ । ३(१) मा लोसपाका शर्माले नौ हजार आठ सय ९२ मत प्राप्त गर्दै विजयी हुनुभएको छ ।

उहाँका निकटतम प्रतिद्वन्द्वी जनता समाजवादी पार्टी नेपालका दिपेन्द्र झाले नौ हजार सात सय १८ मत प्राप्त गर्नुभएको छ । लोसपा नेता अभिराम शर्मा यस क्षेत्रबाट यसअघि पनि प्रदेशसभा सदस्य पदमा निर्वाचित हुनुभएको थियो ।

त्यसैगरी ३(२) मा लोसपाकै तिवारीले छ हजार चार सय १४ मत प्राप्त गर्दै विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार उज्ज्वलकुमार झाले पाँच हजार चार सय ८९ मत प्राप्त गर्नुभएको छ । तिवारीले झालाई नौ सय २५ मतले पराजित गर्नुभएको छ । तिवारी पनि यस क्षेत्रबाट पुनः प्रदेशसभा सदस्य पदमा निर्वाचित हुनुभएको हो ।

# सिरहा ४ (१) मा पूर्वमन्त्रीलाई पराजित गर्दै साह विजयी

लहान, ८ मङ्सिर (रासस) ।

सिरहा निर्वाचन क्षेत्र नं ४ प्रदेशसभा १ बाट प्रदेशसभा सदस्यका लागि जनमत पार्टीका त्रिभुवन साह निर्वाचित हुनुभएको छ । उहाँले पूर्वमन्त्रीसमेत रहनुभएका नेकपा ( माओवादी केन्द्र)का महेन्द्र पासवानलाई पराजित गर्नुभएको हो ।

निर्वाचन क्षेत्र नं ४ का निर्वाचन अधिकृत दीपेन्द्रनाथ योगीका अनुसार साहले आठ हजार दुई सय २९ मत प्राप्त गर्नुभएको छ भने उहाँका निकटतम प्रतिद्वन्द्वी पासवानले सात हजार ८३ मत प्राप्त गर्नुभयो ।

यस्तै नेकपा (एमाले)का प्रकाश महासेठले छ हजार आठ सय ७८ मत प्राप्त गरी तेस्रो स्थानमा रहनुभयो ।

# रामसरोज यादव दोस्रोपटक निर्वाचित

महेन्द्रनगर (धनुषा), ८ मंसिर (रासस)।

धनुषाको निर्वाचन क्षेत्र नम्बर-३ (१) बाट नेपाली कांग्रेसका उम्मेदवार रामसरोज यादव दोस्रोपटक निर्वाचित हुनुभएको छ ।

सत्ता गठबन्धनको साथ पाउनुभएका यादव १७ हजार २९ मत ल्याएर दोस्रोपटक निर्वाचित हुनुभएको निर्वाचन कार्यालयले जनाएको छ । उहाँका निकटतम प्रतिद्वन्द्वी जसपा एमालेगठबन्धनका उम्मेदवार जसपाका जितेन्द्रकुमार यादवले १३ हजार चार सय ५९ मत पाउनुभएको छ ।त्यस्तै, जनमत पार्टीका उम्मेदवार डा प्रसन्नकुमार झाले सात हजार एक सय ८६ मत पाएका छन् ।

# शशाङ्क कोइराला लगातार चौंथो पटक विजयी

मध्यविन्दु, ८ मङ्सिर (रासस) ।

नेपाली कांग्रेसका नेता शशाङ्क कोइराला लगातार चौँथो पटक नवलपरासी (बर्दघाट सुस्ता पूर्व) १ बाट विजयी हुनुभएको छ ।

निकै प्रतिस्पर्धाबीच कोइराला दुई हजार ८२ मत अन्तरले विजयी हुनुभएको हो । गठबन्धनका उम्मेदवार कोइरालाको २७ हजार एक सय २६ मत आउँदा नेकपा ( एमाले)का कृष्णप्रसाद पौडेलले २५ हजार ४४ मत प्राप्त गर्नुभएको थियो ।

त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीका राजन गौतमको पक्षमा २३ हजार तीन सय एक मत प्राप्त भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।


जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं।

➢ जेष्ठ नागरिकलाई सम्मान गरौं,
➢ जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप, अनुभव र क्षमताको उपयोग गरौं,
➢ घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं।

सभ्यताको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*